# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## सेप्टेम्बर 1 तारिख विपद् रोकथाम दिवस हो

９月１日は防災の日です

सेप्टेम्बर 1 "विपद् रोकथाम दिवस" हो।

1923 सेप्टेम्बर 1 मा गएको कान्तो महाभूकम्पलाई आधार बनाएर, विपद्का लागि तयारी तथा विपद् रोकथामबारे सोच्ने दिनका रूपमा यो दिन तोकिएको हो।

विपद् कहिले आउँछ भन्ने थाहा हुँदैन। त्यसैले यस अवसरमा विपद्को तयारी कसरी गर्ने र विपद् आइपर्दा कसरी व्यवहार गर्ने भन्ने कुरा जाँच गरौँ।

■ ओसाकामा 88 लाख मानिसको विपद् रोकथाम अभ्यास

नान्काइ ट्रफमा विशाल भूकम्प आउने अवस्थाको परिकल्पना गरी गरिने विपद् रोकथाम अभ्यास हो।

ओसाका प्रिफेक्चरमा रहेका मानिसहरूको मोबाइल फोन आदिमा ठूलो सुनामीको चेतावनीबारे जानकारी दिने अभ्यासका लागि एरिया इमेल तथा आपत्कालीन द्रुत सूचना इमेल आउनेछ।

मिति र समय: सेप्टेम्बर 1 (मंगलबार) बिहान करिब 10 बजे

■ विपद्को समयमा घर फर्कन नसक्ने अवस्थाको अनुभवात्मक अभ्यास

विपद् आएमा रेल र बसहरू रोकिन सक्छन् र घर फर्कन नसक्ने अवस्था हुन सक्छ।

यस अभ्यासमा ठूलो क्षेत्रमा विद्युत् आपूर्ति बन्द भएको अवस्थाको परिकल्पना गरी, आफू हिँडेर घर फर्कन सक्ने दूरी र लाग्ने समयबारे जानकारी लिइन्छ।

※ गन्तव्यसम्म पुग्ने व्यक्तिहरूलाई विशेष उपहार प्रदान गरिनेछ। (उपहारको संख्या सीमित छ ।)

मिति र समय: सेप्टेम्बर 4 (शुक्रबार) बेलुका 6 बजेदेखि 8:30 बजेसम्म

स्थान: शिन-मिदोसुजी देखि ओसाका चुओ कान्जो लाइन सम्म

लक्षित: उक्त मार्ग आसपास बसोबास गर्ने, काम गर्ने वा विद्यालय जाने व्यक्तिहरू

आवेदन अवधि: अगस्ट 17 (सोमबार) देखि सेप्टेम्बर 3 (बिहीबार) सम्म

कार्यकारी समितिको वेबसाइटबाट आवेदन दिनुहोस्।

■ सम्पर्क

संकट व्यवस्थापन कार्यालय （Kikikanrishichu)

फोन: 06-6384-1753

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।